रामपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

रामपुर, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

आर्थिक बर्ष २०८३/०८४ लागि

आन्तरिक आय ठेक्काको
दरभाउपत्र/बोलपत्र फारम

आन्तरिक आय संकेत नं. :-	
ठेक्काको बिषय क्षेत्र :-	नदीजन्य पदार्थ उत्खनन् गर्ने, घाटगद्दि गरी बिक्री गर्ने कार्य। /लिप्सीमजुवाघाट
बोलपत्र फाराम नं. :-	
बोलपत्रदाताको नाम :-	
बोलपत्रदाताको ठेगाना :-	

रामपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामपुर, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

दरभाउपत्र/बोलपत्र फाराम

रामपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय, पाल्पाबाट मिति २०८३/०७/११ मा नेपाली राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार पाल्पा जिल्लाको रामपुर नगरपालिकाको लिप्सीमजुवाघाट क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन्, ओसारपसार बिक्री वितरण कार्यको ठेक्का निम्न रकममा लिन मञ्जुर गरि कार्यालय बाट यो दरभाउ दिएको छु।

- ✓ कबोल गरेको बार्षिक अंक :- रू. ....
- ✓ अक्षरेपी :- ....
- ✓ कबोल गरेको अंकको ५% ले हुने रकम रू. .... कृषि विकास बैंक रामपुर पाल्पा शाखा स्थित रहेको धरौटी खाता हि.नं. ०४१५८००९३९३४२२१६ मा जम्मा गरेको बैंक भौचर वा बैंक जमानत (७५ दिन म्याद भएको) संलग्न छ।

ठेक्का नं. :- **RMO/GHAT/SQ/03-083/084** : ठेक्का अवधि (आ.ब.२०८३/०८४ को जेष्ठ मसान्तसम्म)

क्र.सं.	नदी तथा खोलाको विवरण	उठाउने दर प्रति घ.फि. (मु.अ.कर बाहेक)	आ.ब.२०८३/०८४ को लागि कायम भएको न्युनतम अंक (मु.अ.कर बाहेक)
१	निस्दी खोलाको लिप्सीमजुवाघाट क्षेत्र, वडा नं १र३ बाट१९,७८१.५८घ.फि. ढुंगा, गिट्टी ,बालुवा निकासी	रू. ८।००	रु.१,५८,२५२।६५

बोलपत्रदाताको विवरणः-

बोलपत्रदाताको नाम :-	
बोलपत्रदाताको ठेगाना :-	
दस्तखत :-	
सम्पर्क नं. :-	
मिति :-	
छापः-	

रामपुर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
रामपुर, पाल्पा, लुम्बिनी प्रदेश

फोन नं. ०७५-४००१४५

बोलपत्र आब्हान सम्बन्धी सुचना।

प्रथम पटक प्रकाशित मितिः २०८३/०७/११

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २घ को ६ तथा ढुङ्गा,गिट्टी बालुवा उत्खनन् बिक्री तथा ब्यबस्थापन सम्बन्धी मापदण्ड २०७७ को दफा ४ को उपदफा ५ वमोजिम यस रामपुर नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने कालीगण्डकी नदी र यसका सहायक नदीहरुको ढुंगा, गिट्टी , बालुवा आदि नदिजन्य बस्तुको बिक्रीबाट आ.ब.२०८३/०८४ को लागि आन्तरिक आय संकलन (ठेक्का वन्दोवस्ती) गर्ने प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको न्युनतम अंकमा नघट्ने गरि निम्न लिखित शर्तहरुको अधिनमा रही **Hard Copy** मार्फतमात्र बोलपत्र पेश गर्न यो सुचना प्रकाशित गरिएको छ।

तपसिल

क्र.सं.	ठेक्का नं.	घाटको नाम	उत्खनन् गर्न सकिने अधिकतम परिमाण (घ.फि.)	आ.ब.२०८३/०८४को लागि न्युनतम अंक रु (सेवा शुल्क र मु.अ.कर वाहेक)	बोल/दरभाउ पत्र फारम दस्तुर
ढुङ्गा,गिट्टी,वालुवा विक्री कर तर्फ					
१	RMO/GHAT/SQ/03-083/084	लिप्सी मझुवा घाट	१९,७८१.५८	रु.१,५८,२५२।६५	रु.१०००
२	RMO/GHAT/SQ/04-083/084	हात्ती ढुँङ्गा घाट	१,०२,७३८.८७	रु.८,२१,९१०।९७	रु.१०००
३	RMO/GHAT/SQ/05-083/084	मठार घाट	७५,०६१.७२	रु.६,००,४९३।७४	रु.१०००
४	RMO/GHAT/SQ/06-083/084	खयरबोट घाट	१,८७,४२३.१२	रु.१४,९९,३८५।०१	रु.१०००
५	RMO/GHAT/SQ/07-083/084	भलायटार घाट	१,८६,५६६.४४	रु.१४,९२,५३१।५५	रु.१०००
६	RMO/GHAT/SQ/08-083/084	बर्दी खोला घाट	१,८९,५८२.७६	रु.१५,१६,६६२।०६	रु.१०००
७	RMO/GHAT/NCB/09-083/084	बौड़ी घाट	४,४४,६५९.०९	रु.३५,५७,२७२।७१	रु.३०००
८	RMO/GHAT/SQ/10-083/084	भुजात घाट	१,६६,८८६.२३	रु.१३,३५,०८९।८४	रु.१०००
९	RMO/GHAT/SQ/11-083/084	अमदाह घाट	१,४५,१९१.०२	रु.११,६१,५२८।१६	रु.१०००
१०	RMO/GHAT/NCB/12-083/084	टुट्वा घाट	३,७८,९६८.९६	रु.३०,३१,७५१।६८	रु.३०००
११	RMO/GHAT/SQ/13-083/084	तातोपानी घाट	७७,०१४.९०	रु.६,१६,११९।२४	रु.१०००
१२	RMO/GHAT/NCB/14-083/084	रामघाट(कोप्चे घाट)	५,११,७८४.४४	रु.४०,९४,२७५।५१	रु.३०००
१३	RMO/GHAT/SQ/15-083/084	वडवान घाट	१,४०,९२६.१५	रु.११,२७,४०९।२०	रु.१०००
१४	RMO/GHAT/SQ/16-083/084	केलादी घाट	२,०१,४८३.६०	रु.१६,११,८६८।८०	रु.१०००
१५	RMO/GHAT/SQ/17-083/084	वाडाबगर घाट	१,६५,१५५.५६	रु.१३,२१,२४४।४६	रु.१०००
१६	RMO/GHAT/SQ/18-083/084	टापुधाम खटाङ्ग घाट	१,२०,५२८.९४	रु.९,६४,२३१।५५	रु.१०००

शर्तहरु:-

१. फर्मको नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८२/०८३ को अथवा आ.व.२०८२/०८३ को लागि म्याद थप भएको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फारम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा कृषि बिकास बैक रामपुर शाखा स्थित ०४१५८००९३९३४२०६२आन्तरिक राजस्व खातामा नगद जम्मा गरेको नगद भौचर साथ निबेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ८ औ तथा २२ औ दिनको १२:०० बजे भित्र हार्ड कपीबाट दरभाउपत्रदाता/वोलपत्रदाताले कार्यालयमा बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्नुपर्नेछ। सोही दिनको दिउसो २:०० बजे दरभाउपत्र/बोलपत्र रामपुर नगरपालिकाको कार्यालयमा खोलिनेछ।

नि.प्रमुख प्रशासकीय अधिकृत

२. दरभाउपत्र/वोलपत्र सम्बन्धी फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। आफुले कबोल गरेको अंकको ५% को दरले हुन आउने धरौटी रकम यस कार्यालयको कृषि बिकास बैंक रामपुर शाखा स्थित ०४१५८००९३९३४२२१६ धरौटी खातामा जम्मा गरेको बैंक भौचर वा इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा वोलपत्र नं र नाम उल्लेख गरी ७५(४५+३०)/१२०(९०+३०) दिनको म्याद सहित जारी गरिएको बिड बण्ड पेश गर्नु पर्नेछ।

३. दरभाउपत्र/वोलपत्र सम्बन्धी बिस्तृत जानकारी बोलपत्र फारममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

४. दरभाउपत्र/वोलपत्र स्वीकृत पश्चात बोलपत्रदाताले सम्झौताको समयमा कवोल गरेको सम्पूर्ण रकम एकमुष्ट बुझाउनु पर्दछ।

५. तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ। यस नगरपालिकाक नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिणामका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४ सम्बन्धित स्थानीय तहबाट जारी भएका कानुन, प्रदेश कानुन तथा अन्य प्रचलित कानुन वा मापदण्ड वमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिबेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मनिनेछ।

६. सरकारी वा अन्य कुनै कर, शुल्क, वोलपत्रदाता आफैले व्यहोर्नु पर्नेछ।

७. व्यक्तिगत सम्पत्तीलाई क्षति पुग्नेगरि र सार्वजनिक निर्माण संरचनाहरु-बाध, कुलो, पैनी, पुल आदिको ५०० मिटर दायाँवायाँ/तलमाथि र प्राकृतिक वातावरणीय दृष्टिले प्रतिकूल असर पुग्ने र नदीको स्वभाविक प्रवाहमा प्रतिकुल असर पर्ने गरि ढुँङ्गा, गिट्टी र वालुवा आदी वस्तु निकाल्न पाईने छैन र साधारणतया हेभी इक्यूपमेन्ट अर्थात एक्जाभेटर जस्ता मेशिनरी साधन प्रयोग गरि माल वस्तु उत्खनन गर्न पाइने छैन। यदी प्रयोग गर्नु परेमा सम्बन्धित निकायबाट अनुमति लिनुपर्नेछ अन्यथा प्रचलित नियमानुसार दण्ड जरिवाना गर्न सकिनेछ। माल वस्तु विहान सुर्योदय देखि वेलुका सुर्यास्तसम्म मात्र झिक्न पाइनेछ। हावा चलेको वेलामा, पानी चुहिने गरि, धुलो उड्ने गरि र ओभरलोड हुने गरी ढुवानी गर्न पाइने छैन। साथै नेपाल सरकार मन्त्रिपरिषदको निर्णय अनुरुप आषाढ, श्रावण र भाद्र महिनामा नदि तथा खोलावाट ढुँङ्गा, गिट्टी, वालुवा उत्खनन तथा संकलन गर्न पाइने छैन।

८. तोकिएको ठाउँ वाहेक वन सिमा भित्र र कुनै पनि सरकारी ठाउँमा नदीजन्य पदार्थ झिक्न वा घाट गद्दी (डम्पिङ्ग) गर्न पाइनेछैन, गरेमा नगरपालिकाले तोके वमोजिमको दस्तुर तिर्नुपर्नेछ।

९. नदिजन्य पदार्थ निकासी गर्दा राष्ट्रिय तथा सहायक राजमार्गलाइ असर गर्ने गरि सडक (नाका,वाटो) निर्माण गर्न पाइने छैन र असर नपर्ने गरी निर्माण गर्नु परेमा निर्माण गर्दा लाग्ने खर्च दावी गर्न पाइने छैन।

१०.स्थानीय स्तरमा पर्न सक्ने वातावरणीय प्रभावलाइ न्युनिकरण गर्न पर्यावरणीय दस्तुर वापत स्थानीय विकास शुल्क लगाउन सकिने छ।

११.वन्द, हडताल, विपद वा कुनै पनि कारणले राजश्व उठाउन नपाएको भनी मिनाहको माग दावी गर्न पाइनेछैन।

१२.उल्लेखित शर्तहरुको उल्लघन गरेमा वोलपत्रदाताको धरौटी जफत गरी ठेक्का समेत तोड्न सकिनेछ।

१३.नदीजन्य पदार्थ उत्खनन गरिने क्षेत्रको परिमाण एकिन गर्दा सम्वन्धित स्थानीय तहका प्रतिनिधी र स्थानीय बासिन्दा समेतको रोहवरमा घाटको चौकिल्ला निर्धारण गरि निकालिने परिमाण र उत्खनन गरिने गहिराई समेत जानकारी गराई सिमाङ्कन गरिनेछ।

१४.नाँपजाँच गर्न मिल्नेगरि निशाना लगाई निर्धारित परिमाण भन्दा वढी उत्खनन गर्न नपाउने साँध, किल्ला र निसानाका आधारमा परिमाण एकिन गरेपछि मात्र सो घाटवाट उत्खनन कार्यको थालनी गर्ने। यसरी गरिएको सिमा भित्रवाट मात्र उत्खनन कर्ताले नदीजन्य पदार्थ उत्खनन गरि लैजान सकिनेछ।

नि.प्रमुख प्रशासकीय अधिकृत

१५.नदीजन्य पदार्थ उत्खनन गर्दा नगरपालिकावाट खटिएका कर्मचारी समेतको प्रत्यक्ष निर्देशनमा रेखाङ्कन गरिएको घाट क्षेत्रभित्रको सिमावाट हाते औजार र श्रममुलक प्रविधिको मात्र प्रयोग गरि निकाल्ने तथा भारी यान्त्रिक उपकरण प्रयोगलाई निरुत्साहित गर्नुपर्नेछ ।

१६.उत्खनन गरिसकेपछि छनौट गरि छाडिएको काम नलाग्ने वस्तु जुन स्थानवाट निकालिएको हो सोही स्थलमा लगी छाड्नुपर्नेछ। उत्खनन गर्दा तोकिएको गहिराईसम्म मात्र तह मिलाई खाडल नदेखिने गरि उत्खनन गर्नुपर्नेछ। नदीको पानीको वहाव क्षेत्र परिवर्तन गर्न पाईने छैन।

१७.उत्खनन कार्यमा खटिने ठेकेदारले IEE का शर्तका अलावा ठेक्का शर्त र अनुगमन समितिले बेला बेलामा दिइएको निर्देशन पालना गर्नुपर्नेछ।

१८.अनुगमन समितिले निर्धारण गरेको घाट र परिमाणको सिमा भित्र रहि उत्खनन आदेश दिनु पुर्व प्राविधिकवाट गरिएको नाप तथा रेखाङ्कन तथा नक्सांकनको आधारमा पहिलो पटक उत्खनन लाईन दिइनेछ।

१९.स्वीकृत दरभाउपत्रदाताले दैनिक उत्खनन तेरिज/दैनिक बिक्री तेरिज तयार गरी मासिक रुपमा नगरपालिकामा पठाउने र नगरपालिकाले सो को अभिलेख राख्नेछ।

२०.ढुङ्गा, गिट्टी वालुवाको परिमाण IEE मा तोके भन्दा बढी उत्खनन तथा संकलन गर्न पाईने छैन, उक्त उत्खनन तथा संकलन गर्ने अबधि २०८४ को जेष्ठ मसान्त सम्म रहनेछ साथै तत् सम्बन्धी कार्य गर्दा **ढुङ्गा गिट्टी तथा बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७** तथा **ढुङ्गा गिट्टी तथा बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन) मापदण्ड २०७९** बमोजिम गर्नुपर्नेछ।

२१.यसमा उल्लेख भएका कुराहरुमा यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन नियमानुसार तथा सम्झौतामा उल्लेख गरिए बमोजिम हुनेछ। साथै नेपाल सरकार संघिय सरकार, प्रदेश सरकार र यस कार्यालयवाट गरिएका निर्देशनहरुको दरभाउपत्रदाता तथा बोलपत्रदाताले पालना गर्नु पर्नेछ।

२२.नदीजन्य पदार्थ व्यवस्थापनतर्फ ढुवानी प्रयोजनमा संलग्न सवारी साधन अनिवार्य रुपमा नगरपालिमामा सूचिकृत भएको हुनुपर्नेछ ।

२३.यस सम्बन्धमा अन्य कुनै थप जानकारी आवश्यक भएमा कार्यालय समयभित्र यस कार्यालय/राजश्व शाखामा सम्पर्क गर्न सकिने छ।

चेमन प्रकाश पोखरेल
नि.प्रमुख प्रशासकीय अधिकृत
नि.प्रमुख प्रशासकीय अधिकृत